१२५ वर्षमा
हाम्रो गौरव, राष्ट्रको पत्रिका
# गोरखापत्र
वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित, बहुभाषी राष्ट्रिय दैनिक
सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः।
gorkhapatraonline.com

# विद्युत् आपूर्ति रोक्ने चेतावनी




**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २२ गते*

आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटमा आएको नदी प्रवाहमा आधारित (आरओआर) जलविद्युत् आयोजनाको विद्युत् खरिदबिक्री सम्झौता 'टेक एन्ड पे' (लिएपछि मात्रै तिर) प्रावधान अनुसार गर्ने घोषणाविरुद्ध ऊर्जा उत्पादकले चरणबद्ध आन्दोलनमा जानुपर्नेमा जोड दिएका छन्।

स्वतन्त्र ऊर्जा उत्पादकको संस्था इप्पानको आह्वानमा बिहीबार भएको भेलामा ऊर्जा उद्यमीले सरकारले जलविद्युत् प्रवर्धकको लगानी डुबाउने खेलमा लागेको भन्दै विरोधस्वरूप आफ्ना विद्युत् आयोजनाबाट विद्युत् उत्पादन रोकेर ब्ल्याक आउट गर्नेसम्मको चेतावनी दिएका हुन्।

भेलामा टेक एन्ड पे मात्रै नभएर आयोजना बनिसकेपछि कन्टिन्जेन्सी पिपिएमा हस्ताक्षर गराएर बर्सौंसम्म विद्युत् नकिन्ने, निर्माण गर्दा पुँजी चाहिने आयोजनालाई विद्युत् उत्पादन सुरु भएपछि मात्र सेयर जारी गर्न दिने, अर्बौं रुपियाँ ऋण लिएर तयार भएका आयोजनालाई सुरुमै ९० प्रतिशत नेटवर्थको प्रावधान ल्याएर र आइपिओ ल्याउन नदिने जस्ता ऊर्जा उद्यमविरोधी नियम कानुन ल्याउने गरेको आशङ्का प्रवर्धकले गरे।

भेलामा इप्पानका अध्यक्ष गणेश कार्कीले अब निर्णायक आन्दोलनभन्दा अर्को विकल्प नदेखेको बताउनुभयो। "बजेटको एउटा बुँदामा आएको एउटा सानो वाक्यले १७ हजार मेगावाट क्षमताका आयोजनाको भविष्य नै अन्योलमा परेको छ। यसमा भएको ६६ अर्ब रुपियाँभन्दा बढी लगानी जोखिममा परेको छ," उहाँले भन्नुभयो।

यी सबै विषय लिएर सुरुमा मन्त्री र प्रधानमन्त्रीलाई भेटेर ज्ञापनपत्र बुझाउने, त्यसपछि पनि नभए जलविद्युत्मा संस्थापक र साधारण सेयर लगानी गरेका लगानीकर्ताको भेला गरी धर्ना दिने र त्यसपछि पनि सरकारले माग सम्बोधन नगरे विद्युत् उत्पादन बन्द गरी ब्ल्याक आउट गर्न पनि पछि हट्न नहुने प्रवर्धकको धारणा छ।

अर्थमन्त्री, ऊर्जामन्त्री, ऊर्जा सचिव र नेपाल विद्युत् प्राधिकरणका कार्यकारी प्रमुखबाट टेक एन्ड पेको विषय बजेटमा कसरी आयो भन्नेमा आफूलाई जानकारी नै नभएको प्रतिक्रिया आफूले पाएको कार्कीले बताउनुभयो।

इप्पानका वरिष्ठ उपाध्यक्ष मोहनकुमार डाँगीले विगतमा कार्पेट उद्योगलाई जस्तै गरी अहिले ऊर्जा क्षेत्रलाई पनि सिध्याउने खेल सुरु भएको बताउनुभयो। "यो रातारात आएको कुरा होइन। प्रवर्धकको ३३ प्रतिशत सेयर लक गर्ने, आयोजनाले बत्ती नबाली आइपिओ ल्याउन नदिने, सर्वोच्चको एउटा फैसलाबाट २० हजार मेगावाटका आयोजना बन्न नदिने र अहिले टेक एन्ड पे भनेर अर्को १७ हजार मेगावाटका आयोजना पनि बन्न नदिने योजनाबद्ध चाल चलिरहेका छन्," उहाँले भन्नुभयो।

इप्पानका महासचिव बलराम खतिवडाले इप्पानका वरिष्ठ उपाध्यक्ष मोहनकुमार डाँगीको नेतृत्वमा सङ्घर्ष समिति बनाई सङ्घर्षका कार्यक्रमको मोडालिटी बनाइने जानकारी दिनुभयो।

कान्तिपुर अर्थ वाणिज्य ekantipur.com

# ‘टेक एन्ड पे’ पीपीए संशोधन नभए आन्दोलनमा जाने ऊर्जा उत्पादकहरूको चेतावनी




**कान्तिपुर संवाददाता** (काठमाडौं)

आगामी आर्थिक वर्षको बजेटमा नदी प्रवाहमा आधारित (आरओआर) जलविद्युत् आयोजनाको ‘टेक एन्ड पे’ (लिऊ र तिर) प्रावधानअनुसार विद्युत खरिद-बिक्री सम्झौता (पीपीए) गर्ने घोषणाविरुद्ध ऊर्जा उत्पादक एकजुट भएका छन्। स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान) ले बिहीबार कालो ब्यानरमा गरेको सार्वजनिक कार्यक्रममा उनीहरूले ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काको राजीनामासमेत मागे।

ऊर्जा प्रवर्द्धकको सम्बन्धित निकाय नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्य, ऊर्जामन्त्री खड्कादेखि अर्थमन्त्री विष्णु पौडेलसमेत

> नेपाल विद्युत् प्राधिकरण, ऊर्जा मन्त्रालय र अर्थ मन्त्रालयले भने आफूलाई थाहा नभएको भन्दै अनभिज्ञता जनाए

आफूले नपठाएको र कहाँबाट आयो भन्दै जिम्मेवारी लिनुका साटो पन्छिन थालेको प्रवर्द्धकहरू बताउँछन्। नदी प्रवाहमा आधारित जलविद्युत् आयोजनाको अनुमतिपत्रवाहक प्रवर्द्धकहरूको भेलामा बजेटमार्फत आएको उक्त बुँदा नसच्याए चरणबद्ध आन्दोलन अघि बढाउँदै ‘ब्ल्याकआउट’ सम्ममा जानुपर्ने धारणा राखे।

भेलालाई सम्बोधन गर्दै इप्पानका अध्यक्ष गणेश कार्कीले ‘टेक एन्ड पे’ विरुद्ध अब निर्णायक आन्दोलनभन्दा अर्को विकल्प नदेखेको बताए। बजेटको एउटा बुँदामा आएको एउटा सानो वाक्यले १७ हजार मेगावाट क्षमताका आयोजनाको भविष्य नै अन्योलमा परेको र लगानी भइसकेको ६६ अर्ब रुपैयाँभन्दा बढी लगानी जोखिममा परेको उनको भनाइ छ।

‘अर्थमन्त्री, ऊर्जामन्त्री, ऊर्जा सचिव र नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशकले ‘टेक एन्ड पे’ को विषय बजेटमा कसरी आयो भन्नेमा आफूहरूलाई जानकारी नै नभएको भन्नुभएको छ। **बाँकी पृष्ठ ८**

## ‘टेक एन्ड पे’ पीपीए...

आधिकारिक निकायबाट प्रस्ताव नगए पनि पावर र पहुँचका आधारमा मौखिक प्रस्तावमै ऊर्जा क्षेत्रलाई सिध्याउने कुरा बजेटमा राखिएको छ,’ उनले भने, ‘यो प्रस्ताव नसच्चिए ऊर्जा क्षेत्र समाप्त हुन्छ। क्षेत्र सकिए ऊर्जा उत्पादकहरू पनि सकिन्छन्। उत्पादकहरू या त झुन्डिन तयार हुनुपर्ने भयो या त आन्दोलन गर्न तयार हुनुपर्ने भयो।’

पहिले कार्पेट उद्योग फस्टाउँदा त्यसलाई जसरी सिध्याए अहिले ऊर्जा क्षेत्रलाई पनि त्यसैगरी सिध्याउने खेल सुरु भएको इप्पानका वरिष्ठ उपाध्यक्ष मोहनकुमार डाँगीले बताए। ‘यो रातारात आएको कुरा होइन। प्रवर्द्धकको ३३ प्रतिशत सेयर लक गर्ने, आयोजनाले बत्ती नबाली आईपीओ ल्याउन नदिने, सर्वोच्चको एउटा फैसलाबाट २० हजार मेगावाटका आयोजना बन्न नदिने र अहिले ‘टेक एन्ड पे’ भनेर अर्को १७ हजार मेगावाटका आयोजना पनि बन्न नदिने योजनाबद्ध चाल चलिरहेका छन्,’ उनले भने, ‘यसका लागि कडाभन्दा कडा आन्दोलनभन्दा अर्को विकल्प छैन।’

इप्पानका वरिष्ठ उपाध्यक्ष मोहनकुमार डाँगीको नेतृत्वमा संघर्ष समिति बनाई संघर्षका कार्यक्रमहरूको मोडालिटी बनाइने इप्पानका महासचिव बलराम खतिवडाले बताए। संघर्ष नगरी यत्तिकै यो प्रावधान सरकारले नहटाउने समेत उनले सुनाए। ‘टेक एन्ड पे’ प्रावधानभन्दा खतरनाक कुरा विद्युत् ऐनमा राखेर ऐन ल्याउन लागिएको भन्दै ऐन आएको भोलिपल्टबाट यो क्षेत्रका उद्यमीहरू भाग्नुपर्ने अवस्था आउने भन्दै विद्युत् ऐनमा निजी क्षेत्रका सवालहरू के कति समेटिँदै छन्, त्यतातर्फ ध्यान दिनुपर्ने उनको भनाइ छ।

नेतृत्वमा बसेकाले थाहा छैन भन्दै पन्छिन नमिल्ने भएकाले कि इप्पानसँग आन्दोलनमा हिँड्नुपर्ने कि त ऊर्जामन्त्रीले राजीनामा दिनुपर्ने ऊर्जा प्रवर्द्धक गोरे शेर्पाले बताए। ‘नेतृत्वमा बसेकालाई थाहा छैन रे, त्यसो भए कि इप्पानसँग मिलेर आन्दोलन गर्नुपर्‍यो कि ऊर्जामन्त्रीले राजीनामा दिनुपर्‍यो,’ उनले भने, ‘बैंकले टेक एन्ड पेमा पीपीए भएको आयोजनामा लगानी गर्छ कि गर्दैन त्यो पनि जानकारी लिनुपर्‍यो।’

‘टेक एन्ड पे’ प्रावधानबारे सहमत भए सहमत छु भन्नुपर्ने नत्र ऊर्जामन्त्रीले कहाँबाट आयो भनेर भन्न नमिल्ने इप्पानका सल्लाहकार अरुण सुवेदीले तर्क गरे। ‘ऊर्जामन्त्री जस्तो मान्छेले बजेटमा कहाँबाट आयो भन्न मिल्छ, ?’ उनले प्रश्न सोधे। ‘टेक एन्ड पे’ प्रावधान सच्याउन इप्पानको टोली गत मंगलबार मात्रै ऊर्जामन्त्री खड्कालाई लिएर अर्थमन्त्री पौडेलकोमा पुगेको थियो। अर्थमन्त्रीले उक्त बुँदा सच्याउन सल्लाह गर्नुपर्ने बताउँदा ऊर्जामन्त्रीले भने यो व्यवस्था नसच्चिए आफू पनि निजी क्षेत्रकै साथमा रहेर आन्दोलनमा सहभागी हुने बताएका थिए।

ऊर्जा मन्त्रालयले २८ हजार ५ सय मेगावाट विद्युत् उत्पादन पुर्‍याउने मार्गचित्र ल्याउँदा अर्थ मन्त्रालयले भने बजेटमा उक्त कुरा कतै पनि छोएन। बरु उल्टै नदी प्रवाहमा आधारित आयोजनाहरूको ‘टेक एन्ड पे’ मा पीपीए गर्ने कुरा समेटेर यो क्षेत्रमा गरिएको लगानी नै जोखिममा पार्ने काम गरिदिएको छ। यही व्यवस्था कायम रहे अहिले अध्ययनको चरणमा रहेका करिब २ हजार मेगावाट क्षमताका ३ दर्जन हाराहारी अर्धजलाशययुक्त जलविद्युत आयोजनाको मात्रै पीपीए हुनेछ।

अर्थ पत्रिका

नयाँ पत्रिका
शुक्रबार २३ जेठ ०८२

# 'टेक एन्ड पे' पिपिएबाट सरकार पछि नहटे उत्पादन ठप्प पार्ने चेतावनी




**काठमाडौं/** सरकारले नदी प्रवाहमा आधारित जलविद्युत् परियोजनासँग 'टेक एन्ड पे' (लेऊ र तिर) मोडेलमा विद्युत् खरिद-बिक्री सम्झौता (पिपिए) गर्ने नीति ल्याएपछि ऊर्जा प्रवर्द्धकहरू आन्दोलनमा उत्रिएका छन् । बिहीबार काठमाडौंमा पहिलो चरणको भेला गर्दै ऊर्जा व्यवसायीले माग सम्बोधन नभए विद्युत् उत्पादन ठप्प पार्ने चेतावनी दिएका हुन् ।

सरकारले हालै ल्याएको आगामी आवको बजेटमा आरओआर परियोजनासँग टेक एन्ड पे मोडेलमा पिपिए गर्ने उल्लेख छ । विद्युत् परियोजनाको बिजुली खरिद मामिलामा आफ्नै एकाधिकार भएको अवस्थामा समेत सरकारले विद्युत् चाहिएका वेलामा मात्रै किन्ने नीति ल्याएको छ । स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था (नेपाल)का अध्यक्ष गणेश कार्कीले सरकार यो निर्णयबाट पछि नहटे विद्युत् उत्पादन ठप्प पारिदिने बताए । 'आइपिओ निष्कासनमा दुःख दिएर मात्रै पुगेन । अहिले विद्युत् नै नकिन्ने नीति ल्याइयो । विद्युत् उत्पादनमा निजी क्षेत्रको ८० प्रतिशत योगदान छ । तर, निजी क्षेत्रलाई निरन्तर दुःख दिने काम भयो,' उनले भने, 'यदि, सरकार पछि हट्दैन भने विद्युत् उत्पादन ठप्प पारिदिन्छौं ।' सरकारले यो बुँदा नसच्याए चरणबद्ध आन्दोलन अघि बढाउँदै 'ब्ल्याक आउट'सम्ममा जानुपर्ने अवस्था आउने उनको भनाइ छ ।

इप्पानका वरिष्ठ उपाध्यक्ष मोहनकुमार डाँगीले पहिले कार्पेट उद्योगलाई जसरी सिध्याए, अहिले ऊर्जा क्षेत्रलाई पनि त्यसैगरी सिध्याउने खेल सुरु भएको बताए । 'यो रातारात आएको कुरा होइन । प्रवर्द्धकको ३३ प्रतिशत सेयर लक गर्ने, आयोजनाले बत्ती नबाली आइपिओ ल्याउन नदिने, सर्वोच्चको एउटा फैसलाबाट २० हजार मेगावाटका आयोजना बन्न नदिने र अहिले टेक एन्ड पे भनेर अरू १७ हजार मेगावाटका आयोजना पनि बन्न नदिने योजनाबद्ध चाल चलिरहेका छन् । यसका लागि कडाभन्दा कडा आन्दोलनभन्दा अर्को विकल्प छैन,' उनले भने ।

वर्ष २० । अंक २३१ । काठमाडौं । शुक्रवार, २३ जेठ २०८२ । Friday, 6 June 2025 । पृष्ठ ८+४ । मूल्य रू. १०

आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

राष्ट्रिय दैनिक

### बजेटमा 'टेक एन्ड पे' विद्युत् खरीद सम्झौताको प्रावधान

# यो नहटाए विद्युत् उत्पादन बन्द गर्ने चेतावनी

**अभियान संवाददाता**

काठमाडौं

आगामी आर्थिक वर्ष (आव) २०८२/८३ को बजेटमा समावेश गरिएको 'टेक एन्ड पे' पीपीएको प्रावधान नहटाए विद्युत् उत्पादन नै बन्द गरेर आन्दोलनमा उत्रिने चेतावनी ऊर्जा उत्पादकहरूले सरकारलाई दिएका छन् ।

जेठ १५ मा अर्थमन्त्री विष्णु पौडेलले प्रस्तुत गरेको बजेटमा रन अफ रिभर आयोजनाको टेक एन्ड पे अवधारणाअनुरूप विद्युत् खरीद सम्झौता गरिने उल्लेख छ । टेक एन्ड पे खरीद गरेमात्र तिर्नुपर्ने नत्र नतिरे हुने नीति हो ।

नेपाल विद्युत् प्राधिकरणले सबैजसो विद्युत् उत्पादकसँग टेक अर पे अवधारणाअन्तर्गत विद्युत् खरीद सम्झौता गर्दै आएको छ, जसअनुसार प्राधिकरणले अनिवार्य किन्नुपर्ने र नकिने पनि उत्पादित बिजुली किनेसरह तिनुपर्ने व्यवस्था छ । टेक एन्ड पेको विद्युत् खरीद सम्झौताले बजार सुनिश्चितता प्रदान गर्ने भएकाले बैंकहरूले पनि सजिलै जलविद्युत् परियोजनाहरूमा लगानी गर्दै आएका छन् ।

जलविद्युत् क्षेत्रलाई नै धराशयी पार्ने गरी बजेटमा टेक एन्ड पेको व्यवस्था गरिएको भन्दै यो प्रावधान जसरी पनि हटाउनुपर्ने माग उनीहरूको छ । यसका लागि स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान) ले ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का र अर्थमन्त्री विष्णु पौडेललाई भेटेरै आग्रह गरेको छ । तर, दुवै मन्त्रीहरूले उक्त बुँदा बजेटमा कसरी समेटियो भन्नेमा आफूहरू अनभिज्ञ भएको प्रतिक्रिया दिएकाले उक्त प्रावधान सजिलै बजेटबाट हट्नेमा ऊर्जा उद्यमीहरू विश्वस्त छैनन् ।



**सरकारले टेक एन्ड पे पीपीएको प्रावधान नसच्याए विद्युत् आयोजनाका पावर हाउस नै बन्द गरेर विद्युत् उत्पादन नै ठप्प पार्नेछौं ।**

**गणेश कार्की**
अध्यक्ष, इप्पान

» बाँकी पृष्ठ ५ मा

karobar
1st National Economic Daily

# 'टेक एन्ड पे पीपीए' नसच्याए पावरहाउस बन्द गर्नेसम्मको तयारी




जीवन बस्नेत

काठमाडौं- नदी प्रवाही (रन अफ दी रिभर) आयोजनालाई लिऊ र तिर (टेक एन्ड पे) ढाँचामा विद्युत खरिदबिक्री सम्झौता (पीपीए) गर्ने बजेटको बुँदा नसच्याए निजी ऊर्जा उत्पादकले विद्युत उत्पादन गृह (पावरहाउस) नै बन्द गरी सरकारलाई असहयोग गर्ने तयारी गरेका छन्।

'आगामी आर्थिक वर्षको बजेटमा नदी प्रवाही आयोजनाको 'लिऊ र तिर' अर्थात् आवश्यक परेको बेलामात्र खरिद सम्झौता गर्ने गरी बुँदा २२७ मा व्यवस्था गरिएको छ। यसले एउटा पनि जलविद्युत आयोजना निर्माण हुन नसक्ने संकट सिर्जना गरेको र ऊर्जा उद्यमीसँग अन्य विकल्प पनि भएपछि उत्पादन बन्द गरेर 'ब्ल्याक आउट' गरिनेछ,' स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान) का अध्यक्ष गणेश कार्कीले भने। इप्पानका अनुसार सुरुमा मन्त्री र प्रधानमन्त्रीलाई भेटेर ज्ञापनपत्र बुझाउने तयारी छ। त्यसपछि जलविद्युतमा संस्थापक र साधारण सेयर लगानी गरेका लगानीकर्ताहरूको भेला गरी धर्ना दिइनेछ। त्यसपछि पनि सरकारले माग सम्बोधन नगरे विद्युत उत्पादन बन्द गरी 'ब्ल्याक आउट' गर्ने तयारी छ।

इप्पानका अनुसार बजेटको व्यवस्थाले कुनै पनि बैंक तथा वित्तीय संस्थाहरूले जलविद्युत आयोजनामा ऋण लगानी गर्दैनन्। यसले उत्पादन अनुमतिपत्र प्राप्त, उत्पादन अनुमतिका लागि आवेदन दिएका, सर्वेक्षण अनुमतिपत्र प्राप्त र यसका लागि आवेदन दिएका गरी १७ हजार ११७ मेगावाट बराबरका आयोजनाको निर्माण संकटमा परेको छ। अझ सरकारले उत्पादन र खपतको सन्तुलनको आधारमा मात्र पीपीए गर्ने घोषणाले नेपालमा ऊर्जा क्षेत्रको विकासमा पूर्ण रुपमा गतिरोध भएको उनको भनाइ छ। अर्कोतर्फ यसले आयोजना तयारीमा भएको ६६ अर्ब २२ करोड रुपैयाँभन्दा बढी लगानी जोखिममा परेको इप्पानले जनाएको छ।

बिहीवार इप्पानले आयोजा गरेको भेलालाई सम्बोधन गर्दै अध्यक्ष कार्कीले ऊर्जा उद्यमीलाई परेको संकट सम्बोधनका लागि अब निर्णायक आन्दोलन विकल्पको रुपमा बाँकी रहेको बताए। कार्यक्रममा ऊर्जा उद्यमीहरूले अर्थमन्त्री, ऊर्जामन्त्री, ऊर्जा सचिव र नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशकले बजेटमा समावेश भएको नदी प्रवाही आयोजनामा 'टेक एन्ड पे' पीपीए गर्ने विषयमा अनविज्ञता जनाउनु आश्चर्यजनक भएको बताए। बजेटमा ऊर्जा क्षेत्रलाई नै समाप्त गर्ने प्रावधान कसरी र कसले राखियो भन्नेमा स्पष्ट नहुनु गम्भिर रहेको उनीहरूको भनाइ छ।

बजेटमा उल्लेखित बुँदा नसच्चिए ऊर्जा क्षेत्र र ऊर्जा उत्पादक सकिने भएकाले कि मर्न कि आन्दोलन गर्न तयार हुनुपर्ने उनीहरूको भनाइ छ। इप्पानका वरिष्ठ उपाध्यक्ष मोहनकुमार डाँगीले यो विषय रातारात आएको नभई योजनाबद्ध रुपमा ऊर्जा क्षेत्रलाई समाप्त गर्ने गरी आएको बताए।